म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ६७ २०८१ माघ ११ गते शुक्रबार 24 January 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## कक्षा-८ को परीक्षा तालिका सार्वजनिक

हेटौंडा : हेटौंडा उपमहानगरपालिकाले कक्षा-८ को वार्षिक परीक्षा तालिका सार्वजनिक गरेको छ। पालिकास्तरीय परीक्षाको रुपमा सञ्चालन हुने कक्षा-८ को परीक्षा आगामी चैत ७ गतेबाट सुरु हुने तालिकामा उल्लेख छ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले बिहीबार सार्वजनिक गरेको तालिकाअनुसार परीक्षा चैत १४ गतेसम्म सञ्चालन हुनेछ। परीक्षा दिनको १ बजेर ३० मिनेटबाट सुरु हुनेछ। पालिकाको परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बुधबारको निर्णयअनुसार बिहीबार परीक्षाको तालिका सार्वजनिक गरिएको बताइएको छ।

# लायन्सको आयोजनामा हेटौँडामा महिला सम्मेलन हुँदै




समाज संवाददाता

हेटौँडा : अन्तर्राष्ट्रिय स्वयम्सेवी संस्था लायन्स क्लब इन्टरनेशनलको आयोजनामा हेटौँडामा भोलि शनिबार महिला सम्मेलन हुँदैछ। लायन्स तथा लायन्स भन्दा बाहिर रहेर स्थापित महिला नेतृत्वको विषयमा बहस, विमर्श गर्ने गरी लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालको आयोजनामा महिला सम्मेलन हुन लागेको हो।

'हामी सेवा गर्छौं' भन्ने नारासहित संसारभर स्थापित लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ 'एस' की अध्यक्ष टासी डोल्मा तुम्बाहाङ्फेले नेतृत्वमा रहेका महिलाहरुसँग, सफल महिलाहरुसँग बहस, विमर्श गर्दै नयाँ पुस्ताका महिलाहरुलाई उत्साहित गर्न सम्मेलनको आयोजना गरिएको जानकारी दिनुभयो। हेटौँडामा हुने कार्यक्रममा नेपाल पत्रकार महासंघकी नवनिर्वाचित अध्यक्ष निर्मला शर्मा, दक्षिण एसियाकै पहिलो महिला फिफा रेफ्री कल्पना शर्मा, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस की प्रमुख सल्लाहकार ज्योति केसी र स्त्री तथा प्रसुती स्वास्थ्य विशेषज्ञ डा. सौजन्य कर्माचार्यले 'बाधाहरु तोड्दै नेतृत्वमा महिला र यसको सामाजिक प्रभाव' शीर्षकको बसहमा सहभागिता जनाउनुहुनेछ।

सम्मेलनमा अभिप्रेरणात्मक वक्ता मानसी अग्रवाल प्रमुख वक्ताको रुपमा र हनुहुनेछ। सम्मेलनलाई नेतृत्वको विषयमा अंकिता सुमार्गी, सेवाको विषयमा मनु लामा, बजारीकरणको विषयमा विजया ओझा र सदस्यताका विषयमा रोजिता रञ्जितकारले बोल्नुहुनेछ। लायन्स क्लब इन्टरनेशनलको १०७ वर्षको इतिहासमा हालसम्म २ जना मात्रै महिला अध्यक्ष भएको स्मरण गर्नुहुँदै सम्मेलनको आयोजक लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसकी अध्यक्ष टासी डोल्मा तुम्बाहाङ्फेले भन्नुभयो, 'महिलाहरुले अनेकौं बाधा पार गर्दै सामाजिक सेवाको क्षेत्रमा गरेको योगदानको सम्मान गर्ने र अझै सहभागिता बढाउन प्रेरित गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरेका हौं।'

लायन्स क्लबको प्रभाव रहेको देशका प्रमुख सहरबाट एक सय ५० भन्दा बढी महिलाको सहभागिता रहने र हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन समारोह हुने उहाँले जानकारी दिनुभयो। सम्मेलनकै अवसरमा लायन्स क्लबको माध्यमबाट सेवामा समर्पित रहँदै विभिन्न बाधाहरु तोड्दै लायनवादको वृद्धि र विकासमा योगदान पुऱ्याउने ४ जना महिलालाई सम्मान समेत गरिने बताइएको छ। लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ जे को वर्ष २०२४/२५ की गभर्नर मिलन थापा, लियो मल्टिपल डिष्ट्रिक्ट काउन्सिलकी अध्यक्ष अस्मिता लामिछाने, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ ए को वर्ष २००४/०५ की अध्यक्ष सुष्मा शर्मा र लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एल को वर्ष २०२४/२५ की सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर तारा भुषालाई सम्मान गर्ने कार्यक्रम रहेको गभर्नर तुम्बाहाङ्फेले जानकारी दिनुभएको छ।

### विषादी सेवन गरेका किशोर-किशोरी अचेत भेटिए

# बुधबार एकैदिन ४ जनाले आत्महत्या गरे

समाज संवाददाता

हेटौँडा : मकवानपुरको थाहा नगरपालिकामा विषादी सेवन गरी अचेत अवस्थामा एक किशोर र एक किशोरी फेला परेका छन्। बुधबार एकैदिन मकवानपुर, सिन्धुपाल्चोक र चितवनमा ४ जनाले आत्महत्या गरेका छन्। मकवानपुरमा २ जनाले झुण्डिएर आत्महत्या गरेका छन्।

थाहा नगरपालिका-३ माझगाउँमा विषादी सेवन गरी एक किशोर र एक किशोरी अचेत अवस्थामा फेला गरेको इलाका प्रहरी कार्यालय पालुङले जानकारी दिएको छ। प्रहरीका अनुसार धादिङ थाक्रे गाउँपालिका-४ छाप बईटारका १८ वर्षीय किशोर र ज्वालामुखी-६ की १६ वर्षीया किशोरीले धुलो विषादी सेवन गरी अचेत अवस्थामा फेला परेका थिए। प्रहरीले उनीहरुको उद्दार गरी उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र पालुङ पठाएको जानकारी दिएको छ। पालुङमा सामान्य उपचारपछि थप उपचारका लागि दुवै जनालाई काठमाडौंस्थित वीर अस्पताल पठाइएको प्रहरीको भनाई छ। उनीहरुको उपचार कार्य जारी रहेको र अवस्था मध्यम रहेको जनाइएको छ।

इलाका प्रहरी कार्याल पालुङका प्रहरी निरिक्षक सविन बाबु अर्यालका अनुसार दुवै किशोर किशोरी बीच प्रेमसम्बन्ध रहेको र परिवारले स्वीकृति नदिएकाले भागेर आफन्तकोमा बस्न आएका थिए। सोही क्रममा उनीहरुले विषादी सेवन गरेको उहाँले जानकारी दिनुभयो। दुवै किशोर किशोरी यसअघि पनि भागेर विवाह गरेको बुझिएको र परिवारले छुटाएर घर फर्काएको प्रहरीको भनाइ छ।

यस्तै धादिङ जिल्लाको बेनिघाट रोराङ-४, रुदिङमा १३ वर्षीया किशोरीले विषादी सेवन गरेकी छिन्। उनको र ाजमार्ग अस्पताल मलेखुमा उपचार भइर हेको र अवस्था मध्यम रहेको जनाइएको छ। सिन्धुपाल्चोक जिल्लाको जुग-४, खानीगाँउमा ७४ वर्षीया दुर्गा कुमारी श्रेष्ठ झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन्। श्रेष्ठ आफ्नै घरको काठको निदालमा झुण्डीएको अवस्थामा मृत फेला परेकी हुन्। श्रेष्ठको शव पोष्टमार्टमका लागि अस्पताल पठाइएको छ।

मकवानपुरको बागमती-८ शान्तिपुर मा पनि एक किशोरी झुण्डिएको अवस्थामा मृत भेटिएकी छिन्। मकवानपुरगढी-२, गढीदरबार घर भई हाल बागमती-८ शान्तिपुरमा अध्ययनका लागि डेरा गरी १४ वर्षीया किशोरी आफु सुत्ने कोठाको दलिनमा झुण्डिएको अवस्थामा मृत फेला परेके प्रहरीले जनाएको छ। किशोरीको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ। हेटौँडा-१, चौकीटोलमा १९ वर्षीया रिना शाही झुण्डिएको अवस्थामा मृत भेटिएकी छिन्। मनहरी-३, चैनपुर घर भई हाल हेटौँडा-१, चौकीटोलमा डेरा गरी बस्ने सुशील शाहीकी श्रीमती रिना आफु सुत्ने कोठा भन्दा अर्को कोठामा झुण्डिएको अवस्थामा मृत भेटिएको प्रहरीले जानकारी दिएको छ।

त्यसैगरी भरतपुर-१ मा लम्जुङ बेशिशहर-३ गाउँशहर बस्ने वर्ष ४१ को मदन परियार नारायणी नदीमा मृत भेटिएका छन्। देवघाटस्थितमा देवघाट र तनहुँ जोड्ने झोलुङ्गे पुलबाट हाम फालेका ३० वर्षीय पुरुष केही तल नदीमा मृत भेटिएका थिए।

# बागतमी प्रदेशका ५ सहकारी समस्याग्रस्त घोषणा

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारले ५ सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको छ। गत २०८० देखि हालसम्म प्रदेश सरकारको सहकारी हेर्ने मन्त्रालयले ५ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेको हो।

सहकारी तथा गरिबी निवारण मन्त्रालयले ३ र साविकको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले २ गरी ५ सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको हो। साविकको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो। सहकारी तथा गरिबी निवारण मन्त्रालयले ललितपुरको सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, काठमाडौंको नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी लिमिटेड र ललितपुरको लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त घोषणा गरेको हो।

गत भदौ २१ मा पहिलो पटक सिभिल सहकारी, २०८१ कात्तिक ११ मा दर्शन सहकारी र पुस २८ मा नेशनल नमोबुद्ध, लालीगुराँस र सुमेरु सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो। समस्याग्रत घोषणा गरिएसँगै नेशनल नमोबुद्ध र लालीगुराँस सहकारीमा प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंले शिल गरिसकेको छ। कार्यालयले सो सहकारीको आयव्ययको अवस्था जाँचबुझ गर्न कम्प्युटरका हार्डडिक्सहरु सिज गरेको छ भने खाताहरुसमेत रोक्का गरी प्रक्रिया अघि बढाइएको छ।

समस्याग्रस्त सहकारीहरुको समस्या व्यवस्थापन गर्न गत असार १० मा कार्यालय स्थापना गरेको उक्त समितिले गत साउनबाट मात्र औपचारिकरुपमा काम थालेको थियो। १४ जना कर्मचारीको दर बन्दी कायम गरी काम सुरु गरेको समितिले ४ वटा सहकारीको व्यवस्थापन गर्ने काम गरिरहेको छ।

### सुमेरुमा बिहीबार शिल लगाइने

गत २८ पुसमा नै समस्याग्रस्त घोषणा गरिएको सुमेरु सहकारीमा भने कार्यालयले हालसम्म शिल गर्न सकेको छैन। एउटै नामका ३ सहकारीहरु देखिएको र उक्त विषयहरु मिलाउनु पर्ने भएकाले सुमेरु सहकारीमा शिल गर्न कठिन भएको थियो। काठमाडौं, ललितपुर र काभ्रेमा सुमेरु सहकारी रहेका तथा ललितपुर र काठमाडौंको सुमेरु सहकारीले एकीकरणको सम्झौता समेत गरेकाले शिल गर्न समस्या भएको बताइएको छ।

उक्त विषय समाधान गर्न विगत ३ दिनदेखि हेटौंडामा छलफल भएको थियो। कार्यालयका प्रमुख महेश आचार्यका अनुसार समस्याग्रस्त सुमेरु सहकारीको विवाद समाधान भएको र बिहीबार शिल गरी आवश्यक कागजात तथा सिस्टम सिज गरिनेछ। सोहीअनुसार हेटौंडामा छलफल भई हाललाई ललितपुरको सुमेरु सहकारीमा शिल गर्ने तयारी रहेको उहाँले बताउनुभयो।

एकीकरणको सहमति भए पनि कारोबारको विवरणमा संलग्नता नरहेकाले काठमाडौंको सुमेरु सहकारीमा शिल नगर्ने निर्णय भएको उहाँको भनाइ छ। तत्कालका लागि ललितपुरको सुमेरु सहकारीमा शिल गर्ने र अनुसन्धानको क्रममा संलग्नता देखिए काठमाडौंको सुमेरुमा पनि शिल गरेर अघि बढ्ने निर्देशन प्राप्त भएको उहाँले बताउनुभयो।

### कति छ ५ सहकारीको दायित्व ?

कार्यालयका अनुसार २ हजार ५ सयभन्दा बढी सदस्य रहेको सिभिल सहकारीका एक हजार बढी सदस्यले ५ अर्ब रुपैयाँभन्दा बढीको मागदाबी गरेका छन्। सोही अनुसार सो सहकारीको बिगो निर्धारण गरी आवश्यक प्रक्रिया अघि बढाइएको आचार्यले बताउनुभयो।

सो सहकारीको समस्या व्यवस्थापन गर्न समितिले गत असोज २२ मा बचतकर्तालाई सम्पर्कमा आउन ३५ दिने सूचना जारी गरेको उहाँले बताउनुभयो। उक्त सूचनाका आधारमा बचतकर्ताहरु प्रमाणसहित रकम फिर्ताको मागदाबी गर्न समितिको सम्पर्कमा आइरहेको उहाँको भनाइ छ। हालसम्म सो सहकारीको १ हजार ४९१ जना बचतकर्ताको ६ अर्ब ४ करोड ६ लाख ४१ हजार रुपैयाँको माग दावी भएको उहाँले बताउनुभयो। केही बचतकर्ताहरु सम्पर्कमा नआएको र उनीहरुको पनि विषय समाधान गर्नेगरी थप प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो। सबै सदस्यले मागदाबी पेस गर्दा सिभिलको करिब ८ अर्ब रुपैयाँको दायित्व देखिन सक्ने अनुमान रहेको छ।

यता वीरेन्द्र महर्जन अध्यक्ष रहेको सुमेरु सहकारीले २ अर्ब २५ करोड १४ लाख रुपैयाँ बचत फिर्ता गर्न नसकेको मागदाबी रहेको छ। सो सहकारीको १३ अर्ब बढीको सम्पत्ति रहेको अनुमान गरिएको छ भने ७ अर्ब बढीको दायित्व रहेको जनाइएको छ।

राजकुमार तामाङ अध्यक्ष रहेको नेशनल नमोबुद्ध सहकारीका ७२ बचतकर्ताले बचत फिर्ता माग गर्दै उजुरी दिएका थिए। नेशनल नमोबुद्धको १ अर्ब ५२ करोड रुपैयाँ दायित्व देखिएको छ भने ७० करोड रुपैयाँको सम्पत्ति रहेको मन्त्रालयले जनाएको छ।

धनबहादुर तामाङ अध्यक्ष रहेको लालीगुराँस सहकारीलाई ९७२ बचतकर्ताको १ अर्ब ६१ करोड ९९ लाख ७५ हजार रुपैयाँ बचत फिर्ता माग गर्दै उजुरी परेको थियो। ३ हजार २३८ सेयर सदस्य रहेको उक्त सहकारीको बचत रकम ३ अर्ब ८६ करोड १४ लाख रुपैयाँ रहेको छ भने सहकारीको लगानी ३ अर्ब १६ करोड २५ लाख रुपैयाँ देखिएको छ।

दर्शन सहकारीमा ९ हजार ८५७ जना सदस्य र कुल सम्पत्ति १ अर्ब ५७ करोड ४ लाख रुपैयाँ रहेको छ। सहकारीको जम्मा बचत दायित्व ८६ करोड ८० लाख ८६ हजार रुपैयाँ रहेको छ। सहकारीको जम्मा सेयर पुँजी २२ करोड ४५ लाख ४५ हजार रुपैयाँ, जगेडा कोष ४ करोड २५ लाख ७९ हजार रुपैयाँ, ऋण लगानी १ अर्ब ४५ करोड १३ लाख ४५ हजार रुपैयाँ र तिर्नुपर्ने बाह्य ऋण ३४ करोड ७६ लाख १६ हजार रुपैयाँ देखिएको छ।

दर्शन सहकारीको व्यवस्थापन गर्न गत मंसिर १२ मा बचतकर्तालाई प्रमाणसहित सम्पर्कमा आउन ३५ दिने सूचना जारी गरेको छ। उक्त सूचनाका आधारमा बचतकर्ताहरु सम्पर्कमा आउने क्रममा रहेका छन्। बचतकर्तासँगै ऋणीहरु समेत सम्पर्कमा आएको कार्यालयका प्रमुख आचार्यले बताउनुभयो। दर्शनको एक ऋणीले राष्ट्रिय सहकारी बैंकमा धितो राखेर निकालिएको ऋण चुक्ता गरी बाँकी रहेको ८ लाख रुपैयाँ रकम समस्याग्रस्त सहकारीको खातामा जम्मा गरिएको उनले बताउनुभयो।

### दूरसञ्चारबाट सिभिलको ३५५ ऋणीको खोजी

समस्याग्रस्त घोषित सिभिल सहकारीका ऋणीहरुलाई ऋण तिर्न आउने बारेको ३५ दिने सूचना जारी गरिएको थियो। प्रदेश सहकारी ऐन २०७६ को दफा ८१ बमोजिम समितिले गत साउन ७ मा उक्त सूचना प्रकाशन गरेको थियो।

संस्थाबाट उपभोग गरेको ऋण कर्जा रकमको सावाँब्याज ३५ दिनभित्र समितिको बैंक खातामा जम्मा गरी कर्जा राफसाफ गर्न सूचना जारी गरे पनि समय सीमाभित्र ऋणीहरूले खासै चासो व्यक्त गरेनन्। सोपश्चात् ऋणी खोज्न कार्यालयले दूरसञ्चारलाई पत्राचार गरेको थियो। दूरसञ्चारलाई सिभिलका ऋणीहरुको नामावली र सम्पर्क नम्बरअनुसार तीनपुस्ते विवरण तयार गर्न पत्राचार गरेको थियो। उक्त पत्राचार अनुसार सिभिल सहकारीका ३५५ जना ऋणीको तीनपुस्ते विवरण निकालिएको छ। प्राप्त विवरण अनुसार ८ अर्ब ३६ करोड ६८ लाख ३७ हजार रुपैयाँ ऋण असुल गर्नुपर्ने अवस्था रहेको छ।

# सुमेरु सहकारीको ३ शाखा कार्यालयमा शिल, सिस्टम सिज

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले ललितपुरको सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडमा शिल गरेको छ। गत पुस २८ मा समस्याग्रस्त सहकारी घोषणा गरिएको उक्त सहकारीमा बिहीबार समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंको टोलीले शिल गरेको हो।

टोलीले सुमेरु सहकारीको पुलचोकस्थित मुख्य कार्यालयसहित २ शाखामा शिल गरिएको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंका प्रमुख महेश आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार प्रधान कार्यालयसहित धापाखेल र गठ्ठाघरको शाखा कार्यालयमा शिल गरिएको हो। टोलीले सहकारीको सिस्टम सिज गरेको उहाँको भनाई छ। सो सहकारीको गत माघ ८ मा नै खाता रोक्का गरेको थियो। सो सहकारीको व्यवस्थापनका लागि छिट्टै थप प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो। सहकारीका संचालकहरुसँग छलफल गरी सम्बन्धित सबैको खाता रोक्का गरिने उहाँले जानकारी दिनुभयो।

गत २८ पुसमा नै समस्याग्रस्त घोषणा गरिएको सुमेरु सहकारीमा हालसम्म शिल गर्न सकिएको थिएन। एउटै नामका ३ सहकारीहरु देखिएको र उक्त विषयहरु मिलाउन पर्ने भएकाले सुमेरु सहकारीमा शिल गर्न कठिन भएको थियो। काठमाडौं, ललितपुर र काभ्रेमा सुमेरु सहकारी रहेका तथा ललितपुर र काठमाडौंको सुमेरु सहकारीले एकीकरणको सम्झौता समेत गरेकाले शिल गर्न समस्या भएको थियो।

उक्त विषय समाधान गर्न विगत ३ दिनसम्म हेटौंडामा छलफल भएको थियो। गत बुधबार मात्र समस्याग्रस्त सुमेरु सहकारीको विवाद समाधान गरी शिल गर्ने र आवश्यक कागजात तथा सिस्टम सिज गर्ने निर्देशन प्राप्त भएको थियो। सोही अनुसार ललितपुरको सुमेरु सहकारीमा शिल गर्ने तयारी रहेको उहाँले बताउनुभयो। एकीकरणको सहमति भएपनि कारोवारको विवरणमा संलग्नता नरहेकाले काठमाडौंको सुमेरु सहकारीमा शिल नगर्ने निर्णय भएको उहाँको भनाई छ।

## सम्पादकीय

# प्रदेशसभामा बिजनेशको कमी

नेपालमा संघीय शासन व्यवस्थाको कार्यान्वयनसँगै तयार भएको प्रदेशको संरचनाले प्रभावकारी काम गर्न सकिरहेको छैन । प्रदेशको व्यवस्थापिकाको रुपमा रहेको प्रदेशसभा र कार्यपालिकाको रुपमा रहेको प्रदेश सरकार दुबैको कार्यसम्पादन सन्तोषजनक छैन । विधायिकी अङ्ग भएका कारण प्रदेशसभामा आम नागरिकले अनुभूति गर्ने काम कम हुन्छ । प्रदेश सरकारले प्रदेशसभाको अधिवेशन आह्वान गरेपछि बैठक बस्ने र प्रदेश सरकारले पेश गरेका विधेयकमा छलफल गरेर पारित गर्ने प्रदेशसभाको एउटा देखिने काम हो । प्रदेशसभा बैठकबाटै सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गर्नुपर्ने भएकाले त्यसलाई पनि प्रदेशसभामा औपचारिकताका लागि छलफल गरिन्छ । संसदीय शासन व्यवस्थामा व्यवस्थापिका सरकारको शक्ति सन्तुलन गर्ने अङ्ग भए पनि व्यवहारमा सरकारको अघि निरिहजस्तै बन्ने गरेको पाइन्छ । वर्षको एक पटक बजेटबारे छलफल गर्ने र पेश भएका विधेयकमा छलफल गर्नेबाहेक बागमतीको प्रदेशसभाले पनि अन्य भूमिका देखाउन सकेको देखिँदैन ।

सरकारले गरेका हरेक गतिविधिको सूक्ष्म निगरानी गर्दै गलत कामको खबरदारी गर्नुपर्ने दायित्वप्रति प्रदेशसभा र यसका सदस्यहरु उदासिन बन्दै आएका छन् । प्रदेशसभा बैठक सञ्चालन भएको समयमा सामान्य औपचारिकताको लागि सरकारको केही कामको आलोचना गर्नेबाहेक प्रदेशसभा सदस्यहरु अन्य समयमा मौनजस्तै देखिएका छन् । सरकारले प्रदेशसभा र त्यस अन्तर्गतका विषयगत समिति तथा प्रदेशसभा सदस्यलाई पर्याप्त कामको जिम्मेवारीसमेत दिन सकेको छैन । प्रदेशसभालाई आवश्यक बिजनेश दिन नसक्दा प्रदेशसभा बैठकसमेत छोटो अवधिका लागि डाकिने गरिएको छ । बैठक सञ्चालन भएको समयमा पनि प्रदेशसभा सदस्यहरु बैठकमा उपस्थित नहुने समस्या पनि उस्तै छ । सरकारले प्रदेशसभामा पेश गरेको नीति तथा कार्यक्रम, बजेट र विधेयकमाथि सामान्य छलफल गर्ने र प्रक्रियागतरुपमा त्यसलाई पारित गर्नेबाहेक प्रदेशसभा र यसका सदस्यहरुको भूमिका अत्यन्तै कमजोर बनिरहेको छ ।

प्रदेशसभाको हिउँदे अधिवेशन सुरु हुने समय भइसकेको छ । संघीय प्रतिनिधिसभाको हिउँदे अधिवेशन आह्वान भए पनि बागमतीलगायत अन्य प्रदेशसभाको अधिवेशन आह्वान भएको छैन । प्रदेशसभाको अधिवेशनबाट गर्नुपर्ने पर्याप्त काम नभएकै कारण प्रदेशसभा बैठक डाक्नेतर्फ सरकार र प्रतिपक्षी दुबै उदासिन बनिरहेका छन् । प्रदेश सरकारले मंगलबार बल्ल प्रदेशसभामा ३ वटा संशोधन विधेयक दर्ता गरेको छ । प्रदेशसभाको आगामी अधिवेशनमा पेश हुनेगरी प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता भएको हो । विवादित बनिरहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक यसअघि नै प्रदेशसभामा दर्ताका लागि पेश भए पनि सभामुखबाट फिर्ता गरिएको थियो ।

प्रदेश तहको संरचना कार्यान्वयनमा आएको ७ वर्ष पूरा भइसकेको छ । शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्त अनुसार प्रदेश सरकार र प्रदेशसभा दुबैसँग आफ्ना विशेष अधिकार हुन्छन् । एउटाले अर्कोको गलत क्रियाकलाप र सर्वसत्तावादलाई नियन्त्रण गर्नसक्ने अधिकार दुबै अङ्गसँग हुन्छ । तर, प्रदेशसभा सरकारको अगाडि निरिहजस्तै बन्ने गरेको छ । सरकारले बिजनेश दिए प्रदेशसभाको बैठक बस्ने र छलफल गर्ने नभए प्रदेशसभाको बैठक नै नबस्ने परिपाटीले प्रदेशसभाको भूमिका प्रभावकारी हुन सक्दैन । प्रदेशसभा स्वायत्त अङ्ग भए पनि सरकारकै खटनमा चल्नुपर्ने अवस्था रहुञ्जेल र प्रदेशसभा सदस्य सत्तापक्ष र प्रतिपक्षमा विभाजित हुञ्जेल प्रदेशसभाले प्रभावकारी भूमिका निर्वाह गर्ने आशा गर्नु बेकार छ । प्रदेशसभालाई कर्मकाण्डी प्रक्रिया पूरा गर्ने अङ्ग ठान्ने परिपाटीले प्रदेशसभा र सदस्यको गरिमा पनि कमजोर हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११९ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्रतिस्पर्धाको दौडमा विजय प्राप्त हुने समय छ ।
**वृष** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कर्कट** : धार्मिक एवम् परोपकारजन्य काममा मन जाला ।
**सिंह** : आत्मबल र जोस जाँगर बढ्ने समय योग छ ।
**कन्या** : वादविवादमा पछि परिने समय योग छ ।
**तुला** : अरुको काममा समय व्यतित हुने छ ।
**वृश्चिक** : अरुको कामबाट फुर्सद नहोला ।
**धनु** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहने छन् ।
**मकर** : गोपनियतामा विशेष जोड दिँदा राम्रो रहन्छ ।
**कुम्भ** : आहार विहारमा ध्यानु दिनुपर्ने समय योग छ ।
**मीन** : सिर्जनात्मक काममा सरिक भइने समय योग छ ।

# वैदेशिक व्यापारः आयात सधैं उकालो, निर्यात सामान्य



डा. सुमनकुमार रेग्मी

दैनिक उपभोग्य र विलासिताका सामग्रीको उच्च आयात र निराशाजनक निर्यातले देश ग्रस्त छ । फलस्वरूप देश आयातमुखी हुँदै गएको छ । स्वदेशी उत्पादन वृद्धि तथा प्रवर्द्धनात्मक कार्यक्रममा सफलता नपाउनु र उत्पादन भएका सामान निर्यात हुन नसक्नु तथा आयातित सामान गुणस्तर नभए पनि अन्धाधुन्ध बढ्दै जानुले व्यापार घाटा बढ्दै गएको छ ।

अघिल्ला वर्षझैं निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनका लागि सरकारले गरेका कार्यक्रम विफल हुँदै गएको देखिन्छ। व्यापार घाटा कम गर्न समय-समयमा धेरै नीति ल्याए पनि उपलब्धि हुन सकेन। हरेक वर्ष निर्यात बढाउने भनी नयाँ-नयाँ स्याम्पुलका रूपमा नयाँ कार्यक्रम ल्याइन्छ, तर कार्यक्रम कार्यान्वयन हुन नगई निर्यात अधोगतिमा जाँदै छ ।

२०८१-८२ को पाँच महिनामा निर्यातभन्दा आयात १० गुणा बढी छ । उक्त पाँच महिनामा व्यापार घाटा ५८७ अर्ब, आयात ६६२ अर्ब, वैदेशिक व्यापार ७३५ अर्ब र निर्यात ७३ अर्ब रुपैयाँ भएको छ। सरकारले देशभित्र उत्पादित वस्तुका निर्यात बढाउन वाणिज्य नीति-२०७२, निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि-२०८० निर्माण गरेको छ। तर, यसको कार्यान्वयन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबीच फरक उच्च रहेको छ। वाणिज्य नीति, २०७२ संशोधनको पर्खाइमा छ। त्यसका साथै एकीकृत रणनीति, २०२३ आएको छ।

आव २०७८-७९ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । त्यस्तैगरी आव २०७९-८० मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ। तर, आव २०८०-८१ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ।

नेपालमा भन्सारमा प्रयोग हुने उपभोग्य वस्तुदेखि महँगा सवारी साधन, इन्धन पदार्थलगायत अधिकांश वस्तुको आयात गर्नुपर्ने अवस्थाका कारण देशको व्यापार जहिले पनि घाटामा रहने गरेको छ। सरकारले सहजकर्ता, प्रेरणादायक र नियामकको भूमिका निर्वाह गर्दै निजी क्षेत्रको सहभागिताको अपेक्षा गरेको छ। नेपालको वैदेशिक व्यापारलाई विचार गर्दा भान्सामा प्रयोग हुने सामानदेखि औषधि, सवारी सामान, इन्धन पदार्थजस्ता वस्तु आयात भएका छन्। यसैले सधैं व्यापार घाटा हुने गरेको छ।

सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका वहन गर्दै निजी क्षेत्रको ठोस सहभागिता बढाउने र विश्व बजारमा मागअनुरूपका तुलनात्मक लाभ र योग्य क्षमतायुक्त वस्तुको पहिचान, छनोट, विकास, प्रवर्द्धन र निर्यातका लागि निजी क्षेत्रसँग समन्वय गरिनेलगायतका रणनीति लिई व्यापार घाटा कम गर्ने ध्येय राखे पनि कार्यान्वयन भएको देखिँदैन । व्यवसायी र उद्योगीमा शरण पर्ने समस्याले निकासीमा समस्या पर्न गएको छ।

### वैदेशिक व्यापारको सुधारका उपाय

देशको व्यापार घाटा कम गर्न र निकासी बढाउन सरकारले विभिन्न योजना तथा कार्यक्रम अघि सारे पनि व्यापार घाटा बढ्दै गएकाले सरकारको कार्यक्रम सफल भएको देखिएन । निकासी बढ्न नसक्नु र आयात तीव्र गतिमा बढ्नु देशको व्यापार घाटा बढ्दै जानुको कारक तत्व भएको छ। नेपालबाट निर्यात हुने वस्तु अर्बमा र आयातित वस्तु खर्बौंमा आयात हुँदै आएकाले देशको व्यापार घाटा बढ्दै आएको थियो । नेपालबाट मुख्य रूपमा निर्यात हुने वस्तुमा कपडा, तयारी पोसाक, गलैंचा, अदुवा, चिया, चाउचाउ, अलैंची आदि छन्। अघिल्लो वर्षभन्दा अगाडिका आर्थिक वर्षमा गलैंचाको निकासी घटेको थियो । तर, तयारी पोसाकको निर्यात बढेको थियो। कुनै वर्ष निर्यात वृद्धि हुने वस्तुमा अलैंची परेको छ भने आयात वृद्धि भएका वस्तुमा पेट्रोलियम पदार्थ, गाडी र गाडीका पार्टपुर्जा तथा मोबाइल सेट मुख्य रहेका छन्।

वस्तुगत आधारमा कुनै वर्ष पशु आहार, धागो, वनस्पति घिउ, तयारी पोसाकलगायतको निर्यात बढेको छ भने कुनै वर्ष जुस, अलैंची, जिआई पाइप, ऊनी गलैंचासहितको निर्यात घटेको छ। समग्रमा वस्तुगत रूपमा पेट्रोलियम पदार्थ, यातायातका साधन, पार्टपुर्जा, सुन, एमएस बिलेट, पोलिथिन ग्रेनुयल्सलगायतका वस्तुको आयात बढेको छ । तर, कृषि औजार, पार्टपुर्जा, विद्युतीय सामान, सेनिटरी प्याड, खाने तेल, ब्याट्रीलगायतका वस्तुको आयात घटेको छ । पशु आहार, तयारी पोसाक, पिना, वनस्पति घिउलगायतका वस्तुको निर्यात बढेको छ । तर जुस, अलैंची, ऊनी गलैंचा, पाइप, टुथपेस्टलगायतका वस्तुको निर्यात घटेको देखिन्छ । भारत, चीन र अन्य देशहरूमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्र रुपमा व्यापार घाटा पनि बढेको देखिन्छ।

नेपालमा बढी आयात भएका वस्तुमा फलाम तथा स्टिल, पेट्रोलियम पदार्थ, सवारी साधन र तिनका पार्टपुर्जा छन् भने नेपालको निर्यात दयनीय भई नेपालबाट बढी निर्यात भएका वस्तुहरूमा चिया, कफी, म्यान मेड स्टेपल फाइबर, कार्पेट, कपडा तथा कच्चा पदार्थ, फलाम तथा स्टिल मुख्य थिए । सन् २०७५-७६ देखि २०७९-८० सम्म निकासीमा सूर्यमुखी तेल, भटमासको तेल, पाम तेल निकासीमा हाबी भएकोमा २०८०-८१ पछि अलैंची, चिया, धागो कपडा, गलैंचा, तयारी पोसाकका निकासी बढ्न लागेको देखिन्छ । अघिल्ला वर्षसम्म पनि भारत, चीन र अन्य देशहरुमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्र रुपमा व्यापार घाटा पनि बढेको देखिन्छ।

विदेशमा प्रशस्त माग भएका र सहजै निकासी बजार पाउन सकिने भनी पहिचान भइसकेका कृषि वस्तुका लागि सम्बन्धित जिल्लाहरुलाई सो वस्तुको निकासी जिल्ला भनी घोषित गर्नुपर्ने देखिन्छ। यसैगरी विभिन्न निकासी वस्तुको उत्पादन र प्रशोधनमा विशिष्ट स्थानमा रहेका अन्य जिल्लाहरूलाई पनि क्रमशः निकासी प्रदेश क्षेत्र घोषित गरी निकासी प्रवर्द्धनमा ध्यान दिनुपर्ने देखिन्छ। निर्यात प्रवर्द्धन कोष फलदायी र प्रभावकारी निकासी विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सके मात्र निकासी प्रवर्द्धनमा सघाउ पुग्न जाने हुन्छ ।

निकासी गर्न तोकिएका कृषि वा वनजन्य वस्तु उत्पादन गर्न चाहिने जग्गा प्राप्त हुन नसकेमा सरकार र व्यवसायीबीचको समझदारीका आधारमा दीर्घकालीन रूपमा लिजमा व्यवसायीहरूलाई जग्गा भाडामा उपलब्ध गराउन पहल गर्नुपर्ने देखिन्छ । उच्चतम मूल्य प्राप्त हुने तर चाँडै सडीगली जान सक्ने कृषिका वस्तु पनि बाह्य देशमा निकासी हुन थालेको वा जान सक्ने सन्दर्भमा यस्ता वस्तुका निकासीकर्तालाई थप प्रोत्साहन प्रदान गर्न र सामान बिग्रने वा बिक्री नहुने जोखिम कम गर्न सुरक्षाका लागि विमानस्थलमा अत्याधुनिक शीत गोदाम र रेफ्रिजेरेसन प्लान्ट राख्न भन्सार क्षेत्रमा निजी क्षेत्रको सहयोगमा सञ्चालन गरी निजी क्षेत्रको उपयोगका लागि सुविधा दिइनुपर्ने देखिन्छ ।

तोकिएका कृषि तथा वनजन्य वस्तुको बाली कटान गरी प्रशोधन, सुरक्षा, प्याकिङ, ढुवानी आदि कार्यमा सूचना, जानकारी, तालिम तथा अन्य सहयोगका साथै विभिन्न देशमा आयोजना हुने अन्तर्राष्ट्रिय कृषि मेलामा भाग लिन सहयोग एवम् पहल गरी निकासी बढाउन सघाउ पुऱ्याउन सकिन्छ । नेपाल कृषिप्रधान देश भएर पनि नेपालबाट बाह्य मेलामा गैर-कृषि वस्तुमा बढी ध्यान दिएको देखिन्छ। देशको आवश्यकता परिपूर्ति गर्नका लागि विदेशी मुद्रा बढी आम्दानी गर्ने लक्ष्य राखेर वस्तुगत तथा सेवागत निकासीको स्तरीय रूपमा विविधीकरण गराई निकासी बढाउन समुचित प्रयत्नको सुरुवात भइसकेको छ । परम्परागत एवं नव-परम्परागत निकासी वस्तुको स्तरीय रूपमा उत्पादन बढाएर निकासीयोग्य वस्तुको निकासी बढाइने भनिएको छ । बढी फाइदा हुने प्रशोधित तथा तयारी वस्तुका निकासी बढाउन बढी जोड दिइएको छ ।

लाभदायक रोजगारी बढाउने गरी उपयुक्त निकासीयोग्य प्रशोधित एवं औद्योगिक वस्तु तथा नयाँ वस्तुका पहिचान गरी उत्पादन बढाएर विदेशी मुद्राको आर्जनमा केन्द्रित गरिएको छ। सेवामूलक व्यापार तथा व्यवसायलाई समुचित रूपले विकास गराई विदेशी मुद्राको आर्जनमा बढी जोड दिइएको छ । जनशक्तिको समुचित उपयोग गराउनका लागि वाञ्छनीय तथा सम्भव जनशक्तिसहित सीपको विकास गराई सेवामूलक कार्य बढाउनुका साथै त्यस्ता सीपको निकासी वृद्धिमा समाहित गरिने देखिएको छ ।

निकासीयोग्य वस्तु तथा सेवाको समुचित विकास गर्न तथा गराउन आधुनिक उपयुक्त प्रविधि प्रवाह गराउनुका साथै संस्थागत तथा भौतिक आधारशिलाहरुको विकास गराउने वातावरण नेपाल व्यापार एकीकृत रणनीति, २०२३ मा देख्न पाइन्छ। व्यापार नीति तथा रणनीतिहरुमा उल्लिखित कार्यलाई छिटो, छरितो र पारदर्शी रूपले सञ्चालन गराउन उदार सरोकार नीति निर्माण गरी प्रशासनिक प्रक्रियाहरुमा आमूल परिवर्तन गरी अझ उदारता, सरलता र गतिशीलता अपरिहार्य देखिन्छ । निकासीसँग सम्बन्धित परियोजना सञ्चालनका लागि आर्थिक तथा थप सुविधा दिनुपर्ने देखिन्छ। नेपालले बाह्य कृषि मेलामा भाग लिएको देखिँदैन । *(स्रोतः कारोबारदैनिक)*

# मैले यसरी गोल्ड मेडल हात पारेँ



हिरा श्रेष्ठ

गत पुस १३ गते त्रिभुवन विश्वविद्यालयको ५०औं दीक्षान्त समारोह भव्य रूपमा आयोजना भयो । त्यो दिन मेरा लागि अझ यादगार र विशेष थियो । मास्टर्स अफ फिलोसोफी एमफिल तहमा व्यवस्थापन विधामै प्रथम भई कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट मैले गोल्ड मेडल ग्रहण गरेँ । त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ सहिद उप-प्राध्यापक हरिराज अधिकारी स्वर्ण पदकद्वारा सम्मानित हुनु मेरा लागि गौरवको विषय थियो ।

मैले प्रधानमन्त्रीज्यूको हातबाट स्वर्ण पदक पाउँदा हर्षका आँसु झरेका थिए । स्नातकोत्तर तहमा पनि जनप्रशासनमा सर्वोत्कृष्ट अंक ल्याएबापत यसअघि (२०७८ पुस २४ गते) जनप्रशासन संघ, नेपालद्वारा 'पान गोल्ड मेडल'बाट मलाई सम्मानित हुने अवसर प्राप्त भएको थियो ।

मैले छोरो हुर्काउँदै र जागिर समेत गर्दै पढेर यो सफलता हासिल गरेकी हुँ । धेरैलाई जिज्ञासा हुन सक्छ– पढाइ, घर-व्यवहार र जागिर खाएर कसरी गोल्ड मेडल हात पार्न सकिन्छ भनेर । त्यसबारे मेरा अनुभवहरु अरुलाई पनि काम लाग्न सक्छन् । जुन म बाँड्न चाहन्छु ।

हामी दम्पतीले विवाह भएको नौ वर्षपछि सन्तान प्राप्त गर्ने सोच बनायौं । जब हाम्रो परिवारमा बाबु (सारांश) आयो, हामी धेरै खुसी भयौं, खुसीसँगै मेरा जिम्मेवारी पनि बढेका थिए । अर्कोतिर शल्यक्रियाद्वारा बाबुलाई जन्म दिएकाले मेरो घाउ पूर्ण रूपमा निको हुन कम्तीमा तीन महिना जति लाग्यो । यही बेला मैले एमफिलको तयारी गर्नुपर्ने थियो । कार्यालयबाट प्राप्त हुने प्रसूती बिदा सकिएपछि मलाई समय व्यवस्थापनमा निकै समस्या भइरहेको थियो । सुत्केरी महिला, त्यसमा पनि शल्यक्रिया गरेको, तीन महिनाको सानो बच्चालाई छाडेर १०-५ को जागिर खान जानु आफैँमा कठिन थियो । घरबाट कार्यालय पुग्न स्कुटीमा १५ मिनेट लाग्थ्यो । तीन महिनासम्म कार्यालयमा थुप्रिएर रहेका काम गर्नुपर्दा म निकै थाक्थेँ । खाजा खाने समय (करिब एक घन्टा)लाई मैले बाबुलाई दुध चुसाउनका लागि मिलाएँ । आफैँले स्कुटर चलाएर घर-अफिस आवतजावत गर्थें । सुरुवाती ती दिनहरु मेरा लागि सजिला थिएनन् ।

घर, अफिस, बच्चा, अनि पढाइ यसैमा मेरो दैनिकी बितिरहेको थियो । मैले श्रीमान्को साथ र सहयोग निकै राम्रो पाएँ । हरेक बिहान र बेलुका श्रीमान्ले नै खाना बनाउनुहुन्थ्यो । अहिले पनि सघाउनुहुन्छ ।

बिहान र बेलुकीको समय बच्चालाई दिँदै आफ्नो पढाइसँगै अन्य कार्य गर्न थालेँ । म कार्यालय गएका बेला श्रीमान्ले बाबुलाई हेर्नुहुन्थ्यो ।

श्रीमान् र श्रीमती एकै रथका दुई पांग्रा हुन् भनिन्छ । वास्तवमा हुनु पनि पर्छ । जस्तोसुकै परिस्थिति र जिम्मेवारीमा एकले अर्कोलाई साथ दिनुपर्छ । बच्चा हुनुभन्दा अगाडि हामीलाई निकै खाली समय प्राप्त हुन्थ्यो । अहिले हाम्रो जिम्मेवारी झन् थपिएको छ । आमा भइसकेपछि मेरा भावना बच्चा र परिवारप्रति बढी केन्द्रित भएका छन् ।

मसँग अन्य सामाजिक र व्यावसायिक जिम्मेवारीहरु पनि छन् । तर मैले एउटी आमाकै रुपमा बढी भूमिका निभाउनुपर्छ ।

अहिले विज्ञान-प्रविधि, राजनीतिक र सामाजिक रुपमा धेरै परिवर्तन भएका छन् । घरबाहिर पनि महिलाका भूमिका बढेका छन् । सन्तान जन्माउन र हुर्काउन अवश्य नै महिलाले बढी समय दिनुपर्छ । यसका बाबजुत पढाइ र काम-पेसालाई अगाडि बढाउन सहज छैन । यस्तो बेला परिवार र श्रीमानको विशेष साथ चाहिन्छ । श्रीमान् र परिवारबाट भरपुर

...बाँकी पृष्ठ ३ मा

# ‘प्रक्रियाहरु पूरा गरेर जग्गाधनी पुर्जा वितरण गर्छौं’

जमिनको स्वामित्व ग्रहण गर्ने, एउटा छानो छाउने आम नागरिकको सपना हुन्छ । नागरिकले जमिनमा लामो समयदेखि भोगचलन गर्दै आए पनि जमिनमाथिको स्वामित्वको पुर्जा प्राप्त नहुँदा आम नागरिक पीडित बन्नु परेको छ । आर्थिक अवस्था सवल भएका व्यक्तिको हकमा लाखौं, करोडौं खर्चेर जमिनको स्वामित्व ग्रहण गर्ने गरेका पनि छन् । तर, जमिनको भोगचलन गर्दै आएका तर स्वामित्व ग्रहण गर्न नपाएकाहरुको हकमा उनीहरुको समस्या समाधान गर्ने र जग्गाधनी पुर्जा वितरण गर्ने गरी संघीय सरकारले ‘भूमि समस्या समाधान आयोग’ को जिल्ला समितिमा अध्यक्ष नियुक्त गरेको छ । सोही क्रममा मकवानपुरमा बलराम बल आयोगको अध्यक्ष नियुक्त हुनुभएको छ । आयोगको नवनियुक्त अध्यक्षसँग भूमिसम्बन्धी समस्या समाधानको विषयमा रहेर समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी :



**बलराम बल**
**अध्यक्ष, भूमि समस्या समाधान आयोग**
**मकवानपुर**

**समाज : भूमि समस्या समाधान आयोगको काम के हो ?**
**बल :** भूमिहीन सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीहरु लाखौंको संख्यामा छन् । उनीहरुलाई व्यवस्थित गरेर जग्गाधनी प्रमाणपत्रको पुर्जा दिएर मालिक बनाउने काम हो । अहिले हाम्रो आयोग ३ वटा काममा केन्द्रित छ ।

**समाज : त्यो ३ वटा मुख्य मुख्य काम के रहन्छ ?**
**बल :** सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीलाई जमिन उपलब्ध गराउनु हाम्रो मुख्य काम हो ।

**समाज : अध्यक्ष भएर जिम्मेवारी लिँदा कसरी काम गर्ने योजना बनाउनुभएको छ ?**
**बल :** विगतमा काम गर्न कानुनले प्रतिबन्ध लगाएको स्थिति थियो । तर, अहिले केही कानुनी समस्या हल भएका छन् । हामी ३ तहले कुन-कुन काम गर्ने भन्ने विषयमा छलफल गरेर निर्धारण गर्छौं । तहगतरुपमा कुन-कुन काम गर्ने भनेर निर्धारण गर्छौं । छलफलबाट समस्याहरुलाई न्यूनीकरणको काम छिट्टै अगाडि बढाउँछौं । पूर्वआयोगको कामको निरन्तरता पनि भनिएको हुनाले पुर्जा दिनका तयारी रहेको अवस्था छ । सोही अनुसार एकदेखि डेढ महिनाको अवधिमा भूमिहीनहरुलाई पुर्जा वितरण गर्छौं । अहिले संख्यामा गणना गर्दा हामीसँग २५ हजारको हाराहारीमा भूमिहीन सुकुम्बासी छन् । केही भूमिहीनहरुले १० वर्ष अगाडिदेखि जग्गा भोगचलन गरेको देखिन्छ । सोही अनुसार जो जहाँको हो हामीले दर्ता गर्दिन्छौं ।

**समाज : भूमिहीनहरुलाई लालपुर्जा वितरण प्रक्रिया कस्तो हुन्छ ?**
**बल :** प्राविधिक पक्षहरुको सिफारिस, सर्जिमिन, फिल्डबुक, वडाको सिफारिस, पालिकाको सिफारिसलगायतका कागजातका आधारमा आयोगले स्थलगत अवलोकन गरी प्रक्रियाहरु पूरा गरेर जग्गाधनी पुर्जा वितरण गर्छौ ।

**समाज : भूमि भोगचलन गर्दै आइरहेको तर लालपुर्जा प्राप्त नभएको देशैभरीको समस्या हो । मकवानपुरको सन्दर्भमा तपाईंले जिम्मेवारी प्राप्त गर्नु भएको छ । यो विषयमा तपाईंले कति अध्ययन गर्नु भएको छ ?**
**समाज :** उहाँहरुले भोगचलन गर्दै आउनु भएको जग्गाको जति क्षेत्रफल छ त्यो क्षेत्रफलको पनि निश्चित मापदण्ड छ । कतिदेखि कति निःशुल्क गर्ने, कतिलाई सःशुल्क गर्ने अथवा सरकारले मूल्य लिएर लालपुर्जा दिने प्रक्रिया छ । अब यता भूमिहीन सुकुम्बासी सानो संख्यामा हुनाले कार्यविधिभित्र छ ।

**समाज : तपाईंको बुझाइमा भूमिहीन नागरिकहरूलाई छिट्टै नै लालपुर्जा वितरण गर्न सकिन्छ ?**
**बल :** हजुर, सोचे अनुसार काम भयो भने लालपुर्जा वितरण गर्छौं ।

**समाज : छिटोमा कति समयभित्र लालपुर्जा वितरण गर्न सक्छौं ?**
**बल :** त्यो प्रकृति हेरेर हुन्छ । तर जतिसक्दो छिटो र सहज तरिकाले काम गर्ने योजना छ । एउटा उत्साहजनक ढङ्गले प्रवेश गरेको छु । ढिलो गर्ने समय छैन, किनभने नागरिकहरुले धेरै दुःख पाइसके । अब यो पटक परिणाममा पुऱ्याउने योजना छ ।

**समाज : तपाईँ सत्तारूढ दलको नेताको रूपमा आयोगको जिम्मेवारी पाउनुभएको छ । यस हिसाबले सरकारमा र हेका मान्छेका आसेपासेले मात्र लालपुर्जा प्राप्त गर्छन् भन्ने खालको व्याख्या भइरहेको छ । त्यो आशंका पनि रहन्छ । त्यस्तो हुँदैन भन्ने तपाई कसरी विश्वस्त पार्नु हुन्छ ?**
**बल :** विगतको कामहरुले पनि जनतालाई आतङ्कित बनाएको छ । त्यस्तो अभ्यास अहिले हुँदैन । अहिले प्रारम्भिक चरणमा नै विगतका आयोगका अध्यक्ष, पदाधिकारीहरुको छलफलबाट एउटा निश्कर्ष तयार पार्छौं र त्यसपछि जनताले भोगिरहेको उत्पीडनलाई मिलेर समाधान गर्छौं ।

# मकवानपुर क्याम्पसले कक्षा ११ का ९५ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिने

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले शैक्षिक सत्र २०८१/८२ अन्तर्गत कक्षा ११ मा अध्ययनरत ९५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने भएको छ । बिहीबार सहायक क्याम्पस प्रमुख संगम चौलागाईले छात्रवृत्तिसम्बन्धी सूचना जारी गर्नुभएको छ । मकवानपुर क्याम्पसले कुल भर्ना भएका विद्यार्थीको १० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गर्न लागेको जनाउँदै विभिन्न ९ वटा वर्गमा छात्रवृत्ति आवेदन दिन सूचित गरेको छ ।

क्याम्पसले सबैभन्दा बढी जेहेन्दारतर्फ ३५ जना, गरिब तथा विपन्नतर्फ ३४ जना, आदिवासी जनजातितर्फ ९ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जनाएको छ । यस्तै दलिततर्फ ५ जना, अपाङ्गता भएका ३ जना, ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघर्षका घाइतेका सन्तती ३ जना, सहीद सन्तती, बेपत्ता परिवारका सन्तती र मधेश आन्दोलनका घाइतेका सन्तती २/२ जनालाई छात्रवृत्ति प्रदान गर्ने उल्लेख गरेको छ । छात्रवृत्ति आवेदन दिने म्याद यही माघ ३० गतेसम्म राखिएको छ ।

सबै वर्गमा ५० प्रतिशत छात्रा कोटा र सोही अनुपातमा सामुदायिक विद्यालयका विद्यार्थी लाभान्वित हुने बताइएको छ । जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिस आवश्यक रहनेछ । बेपत्ता परिवार, सहीद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रको प्रतिलिपी समावेश गर्नुपर्नेछ ।

छात्रवृत्तिको लिखित परीक्षा समेत हुने छ । परीक्षा फागुन ३ गते बिहान ८ बजे हुनेछ । गत वर्ष मकवानपुर बहुमुखी क्याम्पसले एक सय १९ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरेको थियो । कक्षा-११ मा छात्रवृत्ति पाउने विद्यार्थीले कक्षा १२ मा पनि पूर्ण छात्रवृत्ति पाउने व्यवस्था रहेको सहायक क्याम्पस प्रमुख चौलागाईले बताउनुभयो । १२ कक्षामा छात्रवृत्ति निरन्तर प्राप्त गर्नका लागि भने कक्षा ११ को वार्षिक परीक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ ।

कक्षा ११ र १२ मा विज्ञान संकायका विद्यार्थीले पूर्ण छात्रवृत्ति वापत ६५ हजार रुपैयाँ बचत गर्नेछ भने वाणिज्य संकाय अंग्रेजी माध्यमतर्फ ४० हजार चार सय ८० रुपैयाँ बचत गर्नेछ । यस्तै वाणिज्य संकाय नेपाली माध्यम, मानविकी र शिक्षाशास्त्र संकायका विद्यार्थीले २९ हजार दुई सय रुपैयाँ बचत गर्छन् । मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्र संकायमा पठनपाठन हुन्छ । विज्ञान संकाय दिवाकालिन मात्रै हुन्छ भने वाणिज्य संकाय विहानी र दिवा दुबै हुँदा मानविकी र शिक्षाशास्त्र संकाय भने बिहानी सत्रमा मात्रै हुन्छ ।

# जेसीआई हेटौंडा लेडी अध्यक्षमा न्यौपाने पदस्थापित

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा लेडीकोको पदस्थापना कार्यक्रम सम्पन्न भएको छ । बिहीबार जेसीआई हेटौंडा लेडी वर्ष २०२५ को अध्यक्षमा अस्मिता न्यौपाने पदस्थापित हुनुभएको हो ।

जेसीआई हेटौंडा लेडी २०२४ की अध्यक्ष सजिता केसीले कृषि तथा पशुपन्क्षी विकासमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा न्यौपानेलाई २०२५ का लागि अध्यक्षमा पदस्थापन गराउनुभएको हो । जेसीजको कार्यकारिणी उपाध्यक्षमा पूजा बस्नेत र ईन्दु बानियाँलाई पनि पदस्थापन गरिएको छ । यस्तै, उपाध्यक्षमा प्रतिमा बर्तौला, दिप्ती अधिकारी, आयुषा फुयाल र अस्मिता श्रेष्ठलाई पदस्थापन गरिएको छ ।

जेसीआई हेटौंडा लेडीको पदस्थापना कार्यक्रमा नवनिर्वाचित अध्यक्ष न्यौपानेलाई इमानदारीपूर्वक पदीय जिम्मेवारी निर्वाह गर्नका लागि सपथग्रहण गराइएको । नवनिर्वाचित पदाधिकारीहरुलाई पनि सपथग्रहण गराउँदै अध्यक्ष न्यौपानेले प्रमाणपत्र प्रदान गर्नुभएको छ ।

न्यौपानेले वर्ष २०२५ का लागि महासचिवमा नम्रता श्रेष्ठ र अध्यक्ष सल्लाहकारमा सुमित्रा काफ्लेलाई मनोनित गर्नुभएको छ । यस्तै, कोषाध्यक्षमा रञ्जु पुडासैनी र कानुनी सल्लाहकारमा कुसुम खड्का पुडासैनीलाई मनोनित गरिएको छ । पूर्वअध्यक्ष रश्मि बस्नेतले निर्वाचन आयुक्तको भूमिका निर्वाह गर्नुभएको थियो ।

पदस्थापना कार्यक्रममा जेसीआई हेटौंडाका अध्यक्ष पंकजदास बानियाँ, निवर्तमान अध्यक्ष विकेशलाल श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघकी महासचिव प्रतिमा श्रेष्ठ, जेसीआई हेटौंडा लेडीकी पूर्वअध्यक्ष रश्मि बस्नेतलगायतको उपस्थिति रहेको थियो ।

## *मैले यसरी...*

साथ र हौसला प्राप्त नहुने हो भने महिलाहरूलाई अगाडि बढ्न सहज छैन । मेरा श्रीमान् तथा मेरो परिवारको साथ र सहयोगले म आज यो स्थानमा छु । यससका लागि म उहाँहरुप्रति आभार व्यक्त गर्न चाहन्छु ।

मलाई पीएचडी समयमै सकाउनका लागि परिवारबाट हौसला मिलेको छ । मलाई पढ्ने वातावरण तयार गर्नका लागि मेरो श्रीमान्को अमूल्य साथ र सहयोग पाएकी छु ।

हाम्रा छोरी तथा बुहारीहरूलाई निरन्तर साथ र सहयोग आवश्यक छ । घर-परिवार, समाज तथा समुदायका मानिसहरुको सकारात्मक भूमिकाले नै समतामूलक समाज निर्माण हुने हो । महिला अब्बल र आत्मनिर्भर भए सम्पूर्ण परिवार, समाज र राष्ट्र सुखी र समुन्नतको बाटोमा अगाडि बढ्छ । त्यसैले हामी सबैले सकारात्मक सोच राखी महिलाहरुलाई अगाडि बढ्न प्रेरित गरौं । *(स्रोतः रातोपाटी)*


## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/१०/११*

विद्यालयको पारिजात पथ र भैरवरोड तर्फ रहेको अस्थायी सटर कबलमा रहेका देहायका सटरहरु भाडामा लिन इच्छुक व्यक्ति/संस्थाबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छः-

**तपशिल**

| सि.नं. | विवरण | सटर नं | कैफियत |
|---|---|---|---|
| १ | पारिजातपथ तर्फ | B1, B5, B7 | विस्तृत सुचना |
| २ | भैरवरोड तर्फ | C4, C5, C6, C7, C8, C9, C10, C11, C13, C14, C15, D 7, D8, D9, D11, D12, D13, D14 | विधालयको सुचना पाटिमा टाँस गरिएकोछ । |

१. भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाले नेपाल बैङ्क लि.मा रहेको भुटनदेवी माध्यमिक विद्यालयको चल्ती खाता नं. ०२५००१००४४०८०८००००० १ मा रु ५००।०० (फिर्ता नहुने गरी) बुझाएको सक्कल प्रति भौचर वा नगदी रसिद र लिखित निवेदन पेश गरी विद्यालय प्रशासनबाट फारम खरिद गर्न सकिनेछ ।
२. विद्यालयबाट खरिद गरिएको फारम (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र)औं दिन अर्थात मिति २०८१/१०/२५ गते कार्यालय समयभित्र विद्यालयमा बुझाई सक्नु पर्नेछ । तोकिएको मिति र समय पश्चात प्राप्त भएका फारमहरु स्वीकार गरिने छैन ।
३. प्राप्त सिलबन्दी फारमहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८१/१०/२६ गते दिनको २:०० बजे आवेदकहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा विद्यालयमा खोलिने छ । आवेदकहरुको प्रतिनिधि उपस्थित नभएको कारणले सिलबन्दी फाराम खोल्ने कार्यमा बाधा पुग्ने छैन ।
४. सिलबन्दी फारम पेश गर्ने दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा ती कार्यहरु त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५. सिलबन्दी आवेदन फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस विद्यालय व्यवस्थापन समितिमा सुरक्षित रहेनेछ ।
६. यो सूचना विद्यालयको सूचना पार्टिमा समेत टाँस गरिएको छ । यो सूचनामा केहि संशोधन भएमा यस विद्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।

**श्री भुटनदेवी माध्यमिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा ४, मकवानपुर**
**फोन नं. ०५७ ५२०४२०**



## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/१०/१० मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः बसन्त बहादुर चौरेल (आफैं)   जग्गावालाः बसन्त बहादुर चौरेल (आफैं)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ९ का निम्नानुसारका जग्गाहरू मेरो नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा उक्त जग्गा मैले नै साविक नापीको समयदेखि हालसम्म पनि भोग चलन गर्दै आएकोले मेरै नाममा छुट जग्गा दर्ता गरी पाउँ भनि बकैया गाउँपालिका २ नम्बर वडा कार्यालयको च.नं. ९७ मिति २०८१/०८/१६ को भोगचलन समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं. ०८३ मिति २०८१/०८/२१ मा माग छुट जग्गा दर्ता गरी पाउँ भनि माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | बसन्त बहादुर चौरेल | फापरबारी | ९ | २००० २००१ | ०-४-८ ०-२-१० | बसन्त बहादुर चौरेल | जिल्ला मकवानपुर, दोस्तीया, १०७ नं. मौजे-सरस्वती, रै.नं. २३ को जग्गाधनि बसन्त बहादुर चौरेल |



## शक्षक आवश्यकता

*(दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/१०/११ गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६, चिसापानी, मकवानपुरमा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१०/०८ गते बसेको बैठकको निर्णय अनुसार आधाभूत तह ग्रेड शिक्षक एक (१) जना, (निजी स्रोत) मा पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवम् योग्य नेपाली नागरिकहरुबाट दोस्रो पटक सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ । तलब सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार दिईनेछ ।

**तपसिल :**
**विज्ञापन नं.: ३/८१/८२**
पद : आधारभुत तह, (ग्रेड शिक्षक निजी श्रोत)
सेवा : करार
संख्या : १ (एक)
शैक्षिक योग्यता : मुख्य विषय अंग्रेजी लिई १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको तथा मन्टेश्वरी तालिम भएको ।
विशेष ग्राह्यता : माथिल्लो शैक्षिक योग्यता भएका तथा अनुभवीलाई विशेष ग्राह्यता दिईनेछ ।
उमेर : २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८१/१०/१७ गते । फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति : २०८१/१०/१८ गते । साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू :**
- एसएलसी/एसईईदेखि माथिका सबै कक्षा उत्तीर्ण लब्धांकपत्र एवम् चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति,
- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति,
- पासपोर्ट साईजको फोटो २ प्रति
- मन्टेश्वरी तालिमको प्रमाणपत्र प्रतिलिपी १ प्रति

साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. ५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसिद वा बैंक भौचर संलग्न राखी बुझाउनुपर्नेछ ।

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति-२०८१**
**श्री जनप्रिय माध्यामिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा-१६, हटिया, चिसापानी**

# २६२ औं विजय उत्सव सम्पन्न



समाज संवाददाता

हेटौंडा : ऐतिहासिक मकवानपुरगढीको २ सय ६२ विजय उत्सव समारोह सम्पन्न भएको छ । बिहीबार बागमती प्रदेशका मुख्मन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यमा विजय उत्सव सम्पन्न भएको २ नम्बर वडा अध्यक्ष बखान सिंह पाख्रिनले जानकारी दिनुभयो ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री विमल ठकुरी, प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठ, नेपाली सेनाको मध्यपृतना हेटौंडाका निमित्त पृतनापति सुवासजंग थापा, गोरखबहादुर गणका गणपति निरन्जन धामी, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, मकवानपुरगढी गाउँपालिकाका वडा अध्यक्षहरु लगायतको आतिथ्य रहेको थियो ।

करिब २५ सय मुगल सेनाका फौजलाई गोर्खाली सेनाले पराजित गरेको दिनको सम्झनामा मकवानपुरगढी गाउँपालिकाले हरेक वर्ष माघ १० गते विजय उत्सव मनाउँदै आएको छ । नेपाल सरकारले देशका एक सय वटा महत्वपूर्ण गन्तव्य भित्र मकवानपुरगढीलाई पनि समेटेको छ ।

# सहमति कार्यान्वयन गराउन युवा संगठनले बुझायो हस्ताक्षर

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिष्ट पार्टी र नेपाल सरकारबीच भएको ३ बुँदे सहमति कार्यान्वयन गराउन ध्यानाकर्षण गराउँदै हस्ताक्षर संकलन गरी बुझाइएको छ । युवा संगठन नेपाल जिल्ला कार्यसमिति मकवानपुरले जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तीर्थराज चिलुवाललाई बुधबार ध्यानाकर्षणपत्र बुझाएको हो ।

संगठनका जिल्ला इन्चार्ज रमेश सी सहितको टोलीले नेकपा र सरहकारीबीच भएको ३ बुँदे सहमति कार्यान्वयनमा ल्याउनका लागि प्रजिअ चिलुवालमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षणपत्र बुझाएको हो । संगठनको पाँचौं केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले गरेको निर्णयअनुसार विसं २०७७ फागुन २१ गते नेपाल कम्युनिष्ट पार्टी र नेपाल सरकारबीच भएको ३ बुँदे सहमति राज्य पक्षबाट लागू नभएकाले संगठनले सहमति लागू गराउन नागरिक हस्ताक्षर अभियान चलाएको बताइएको छ ।

नेकपाका महासचिव विप्लव सी, प्रवक्ता प्रकाण्ड सी र कार्यकर्ताहरुका झुठा मुद्दाहरु खारेजका लागि आवश्यक पहल गर्न ध्यानाकर्षणपत्रमा माग गरिएको छ । सरकारसँग भएको ३ बुँदे सहमति कार्यान्वन गर्दै देशको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समस्या सामाधानका लागि प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएको बताइएको छ ।

यस्तै, नेकपासँगको संवादलाई अगाडि बढाउन र राजनैतिक आस्थाका बन्दीहरुको रिहाईका लागि सरकारले आवश्यक पहल गर्नुपर्ने माग गरिएको छ । पार्टीले तीन बुँदे सहमतिलाई इमान्दारीपूर्वक पालना गरेको, राज्यपक्ष जिम्मेवार र इमान्दार भई दुई पक्षबीच भएको सहमति पूर्णरुपमा लागू गराउनका लागि जिल्ला प्रशासन कार्यालयमार्फत् संकलित हस्ताक्षरसहित ध्यानाकर्षण गराइएको हो ।

नेकपा र राज्यबीच भएको तीन बुँदे सहमति भएको चार वर्ष बितिसक्दा पनि राज्यको तर्फबाट कार्यान्वयन नगरेको भन्दै नेकपा निकट युवा संगठनले दबाबस्वरुप हस्ताक्षर संकलन अभियान सञ्चालन गरेको जिल्ला इन्चार्ज रमेश सी ले बताउनुभयो । युवा संगठन नेपालले देशैभर नागरिक हस्ताक्षर अभियान सञ्चालन गरेकोमा संगठनकै केन्द्रीय निर्णयअनुसार मकवानपुरमा पनि हस्ताक्षर अभियान सञ्चालन गरिएको थियो ।

### कमाने प्रिमियर लिगको खेलतालिका सार्वजनिक

# उद्घाटनमा कमाने राइडर्स र कमाने राइनोज भिड्ने

समाज संवाददाता

हेटौंडा : हेटौंडा-८, कमानेमा हुन लागेको तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । कमाने क्रिकेट क्लबले मंगलबार फेसबुक पेज मार्फत खेलतालिका सार्वजनिक गरेको हो ।

८ नम्बर वडा कार्यालयको आयोजनामा माघ १६ गतेदेखि १९ गतेसम्म हुने कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा कमाने राइडर्स र कमाने राइनोजको टिमबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिता आयोजना गर्नका लागि ८ नम्बर वडा कार्यालयले २ लाख रुपैयाँ बजेट छुट्याएको छ ।

८ वटा टिमको सहभागिता रहने प्रतियोगिता १० ओभरको हुने अध्यक्ष किशोर खत्रीले जानकारी दिनुभएको छ । कमानेभित्रका खेलाडीहरुको पहिचान बढाउन, क्रिकेट खेलको आकर्षण बढाउन, खेलाडीहरुबीच भातृत्वको सम्बन्ध कायम गराउन, खेलाडीलाई राष्ट्रियस्तरमा पुऱ्याउन र क्रिकेट खेलको महत्वबारे बुझाउनका लागि यस वर्ष पनि प्रतियोगितालाई निरन्तरता दिन लागेको अध्यक्ष खत्रीले बताउनुभयो ।

गत वर्षको तुलना यस वर्ष पुरस्कार राशि बढाइएको उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान र सर्वोकृष्ट बलरलाई पनि पुरस्कार प्रदान गरिने जनाइएको छ । प्रतियोगिता आयोजनाका लागि करिब ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# बजेट योजना बनाएर अगाडि बढ्छौं: वडाध्यक्ष तिवारी

समाज संवाददाता

हेटौंडाः बजेट विनियोजनको सन्दर्भमा योजना बनाएर अगाडि बढ्न लागिएको हेटौंडा उपमहानगरपालिका १२ नम्बर वडाका वडाध्यक्ष अर्जुनप्रसाद तिवारीले बताउनुभएको छ । वडाध्यक्ष तिवारीले आफू वडाध्यक्ष निर्वाचित भएपछि वडामा बजेटको योजना नभएकाले पनि योजनासहित अगाडि बढ्ने बताउनुभयो ।

१२ नम्बर वडा खेलकुद विकास समितिले आयोजना गर्न लागेको प्रथम संस्करणको वडाध्यक्ष कप उपमहानगर पालिकास्तरीय भलिबल प्रतियोगिताबारेमा जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलन आयोजना गरिएको छ । पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष तिवारीले भलिबल एउटा राम्रो खेल भएका कारण योजना बनाएर वडाका युवालाई खेलमा जोडेर अगाडि बढ्ने बताउनुभयो ।

सितोरियो कराँते, तेक्वान्दो, भलिबल, फुटबललगायतका खेलहरुका लागि छुट्टा छुट्टै बजेट छुट्याउने उहाँले बताउनुभयो । अन्य खेलहरु जोखिमपूर्ण भएका कारण भलिबल खेलको पनि वडामा प्रवर्द्धन गर्ने विश्वास दिलाउनुभयो । भलिबल, फुटबललगायतका खेलको अभ्यास र प्रतियोगितालाई निरन्तरता दिन प्रयास गर्दै खेलमार्फत् नमूना वडाको रुपमा चिनाउन पछि नपर्ने उहाँले बताउनुभयो ।

बिहीबार वडा कार्यालयमा पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिता संयोजक मनोज लामाले माघ १६ गतेदेखि १९ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागेको बताउनुभयो । हालसम्म प्रतियोगितामा सहभागी हुनका लागि ६ वटा टिमहरु सम्पर्कमा आएको उहाँले बताउनुभयो । प्रतियोगितामा ८ वटाभन्दा कम टिम भएमा समय थप गरेर पछि फरक ढंगबाट आयोजना गरिने उहाँले बताउनुभयो ।

'खेलकुद र खेलाडीको सम्मान: १२ नम्बर वडाको पहिचान' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको पहिलो संस्करणको वडाध्यक्ष कप उपमहानगरस्तरीय भलिबल प्रतियोगितामा आफूहरुले अनुमान गरेअनुरुप नै टिमहरुको सहभागिता रहने विश्वास उहाँले व्यक्त गर्नुभयो । प्रतियोगितामा सहभागी हुन हेटौंडाको १९ वटै वडामा पुगेको उहाँले बताउनुभयो । भलिबल राष्ट्रिय खेलको रुपमा पहिचान भए पनि खेलाडीको कमी भएको उहाँले बताउनुभयो ।

वडाध्यक्ष कप भलिबल प्रतियोगिताका लागि १ लाख २५ हजार रुपैयाँ बजेट छुट्याएको उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिता लिगकम नकआउट प्रणालीमा सञ्चालन हुनेछ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ३ हजार रुपैयाँ तथा ट्रफी प्राप्त गर्नेछन् भने उत्कृष्ट डिफेन्ड, उत्कृष्ट सेटर र उत्कृष्ट स्पाइकरले १ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रथम पुरस्कार राशि हेटौंडा-१० स्थित नारायणी कलेजले प्रायोजन गर्ने भएको छ । पत्रकार सम्मेलनमा खेलकुद विकास समितिका संयोजक दिनेश चौलागाईंको पनि उपस्थिति रहेको थियो ।

# मीनबहादुर मृत भेटिए

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१३ का ६२ वर्षीय मीनबहादुर बल हेटौंडा-९ स्थित हेटौंडा सिमेन्ट उद्योग नजिकैको नालामा मृत भेटिएका छन् ।

बुधबार साँझ ६ बजेको समयमा मीनबहादुर मृत भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले घटनास्थलमा पुगेर शवलाई पोष्टमार्टमका लागि हेटौंडा अस्पताल पठाएर आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# युवा संघ मकवानपुरको सचिवालय बैठक सम्पन्न

समाज संवाददाता

हेटौंडा : नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल मकवानपुरको सचिवालय बैठक सम्पन्न भएको छ । राजेश नगरकोटीको अध्यक्षतामा गठित युवा संघ मकवानपुर जिल्ला सचिवालयको बुधबार पहिलो बैठक एमाले मकवानपुरको पार्टी कार्यालयमा भएको हो ।

युवा संघ मकवानपुरका अध्यक्ष राजेश नगरकोटीको अध्यक्षता तथा युवा संघ नेपाल केन्द्रीय लेखा आयोगका प्रमुख सन्तोष चौलागाईको प्रमुख आतिथ्यमा भएको बैठकले पार्टीको तीन महिने अभियानलाई सघाउन मकवानपुरको १ सय २ वटै वडामा युवा संघको कमिटी र गाउँ कमिटी गठन गर्ने विषयमा छलफल भएको थियो । 'युवासँग युवासंघ' र २०८४ चुनाव लक्षित विभिन्न कार्यक्रम गर्ने विषयमा छलफल भएको अध्यक्ष नगरकोटीले जानकारी दिनुभयो ।

अध्यक्ष नगरकोटीकाअनुसार काठमाडौंमा युवा संघको राष्ट्रिय भेलामा मकवानपुरबाट सक्रिय सहभागिता जनाउने विषयमा पनि छलफल भएको थियो । युवा संघको आयोजनामा हेटौंडामा सबैभन्दा धेरै रक्तदान गर्ने संस्थाको रुपमा स्थापित गर्ने गरी कार्यक्रम गर्न लागिएको नगरकोटीले जानकारी दिनुभयो । 'सहिद दिवस' को अवसरमा नेकपा एमाले केन्द्रीय सदस्य तथा मकवानपुर युवा संघका संस्थापक अध्यक्ष रामेश्वर रानाबाट कार्यकर्ताहरुलाई प्रशिक्षण गराउने र सोही दिन बेलुका जिल्ला कमिटीको आयोजनामा सहिदहरुको सम्झनामा दीप प्रज्वलन कार्यक्रम गर्ने नगरकोटीले जानकारी दिनुभयो ।

# जेसीआई हेटौंडा लेडीमा न्यौपाने पदस्थापित

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा लेडीको पदस्थापना कार्यक्रम सम्पन्न भएको छ । बिहीबार जेसीआई हेटौंडा लेडी वर्ष २०२५ को अध्यक्षमा अस्मिता न्यौपाने पदस्थापित हुनुभएको हो ।

जेसीआई हेटौंडा लेडी २०२४ की अध्यक्ष सजिता केसीले कृषि तथा पशुपन्क्षी विकासमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा न्यौपानेलाई २०२५ का लागि अध्यक्षमा पदस्थापन गराउनुभएको हो । जेसीजको कार्यकारिणी उपाध्यक्षमा पूजा बस्नेत र ईन्दु बानियाँलाई पनि पदस्थापन गरिएको छ । यस्तै, उपाध्यक्षमा प्रतिमा बर्तौला, दिप्ती अधिकारी, आयुषा फुयाल र अस्मिता श्रेष्ठलाई पदस्थापन गरिएको छ ।

जेसीआई हेटौंडा लेडीको पदस्थापना कार्यक्रमा नवनिर्वाचित अध्यक्ष न्यौपानेलाई इमानदारीपूर्वक पदीय जिम्मेवारी निर्वाह गर्नका लागि सपथग्रहण गराइएको छ । नवनिर्वाचित पदाधिकारीहरुलाई पनि सपथग्रहण गराउँदै अध्यक्ष न्यौपानेले प्रमाणपत्र प्रदान गर्नुभएको छ । न्यौपानेले वर्ष २०२५ का लागि महासचिवमा नम्रता श्रेष्ठ र अध्यक्ष सल्लाहकारमा सुमित्रा काफ्लेलाई मनोनित गर्नुभएको छ । यस्तै, कोषाध्यक्षमा रञ्जु पुडासैनी र कानुनी सल्लाहकारमा कुसुम खड्का पुडासैनीलाई मनोनित गर्नु भएको छ ।

साधारणसभामा पूर्वअध्यक्ष रश्मि बस्नेतले निर्वाचन आयुक्तको भूमिका निर्वाह गर्नुभएको थियो । पदस्थापना कार्यक्रममा जेसीआई हेटौंडाका अध्यक्ष पंकज दास बनियाँ, निवर्तमान अध्यक्ष विकेशलाल श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघकी महासचिव प्रतिमा श्रेष्ठ, जेसीआई हेटौंडा लेडीकी पूर्वअध्यक्ष रश्मि बस्नेत, सुशीला पौडेलगायतको उपस्थिति रहेको थियो ।




## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्

- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**

**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**

**हेटौंडा-४, मकवानपुर**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**

**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ